# कटारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर

## सवारी साधन खरिद सम्बन्धी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति : २०७५/०४/०३ गते)

यस कटारी नगरपालिका कार्यालयवाट वोलपत्र फारमसाथ संलग्न स्पेशिफिकेशन वमोजिम 4WD Double Cab Pick Up ईन्जिन भएको १ (एक) थान सवारी साधन (जिप) खरिद गर्नु पर्ने भएकोले स्थायी लेखा नम्वर, मु. अ. कर दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाण पत्र र नेपाल सरकारको सम्वन्धित निकायमा दर्ता भएको आधिकारीक फर्म, कम्पनी, डिलर वा आपूर्तिकर्तावाट तपशिल वमोजिमको शर्तहरुको अधिनमा रही रितपुर्वकको सिलबन्दी वोलपत्र आव्हान गरिएको छ।

**शर्तहरु:**

१. बोलपत्र फारम रु ३,०००। (तीन हजार मात्र) (पछि फिर्ता नहुने गरि) तिरी यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र कार्यालय समयमा खरिद गर्न सकिने छ। E-Bidding गर्न चाहनेले सार्वजनिक खरिद अनुगमन कार्यालयको website, www.bolpatra.gov.np वाट Bid-document प्राप्त गर्न सकिने छ।

२. खरिद भएको वोलपत्र फाराम फर्मले सिलवन्दी गरी खाम वाहिर आफ्नो फर्मको नाम थर, वतन र कामको विवरण स्पष्ट उल्लेख गरी सिलवन्दी गरी यस कार्यालयमा ३१ औं दिनको १२ बजे भित्र दर्ता गरी सक्नु पर्नेछ। दर्ता भएका बोलपत्रहरु सोही दिनको २ बजे यस कार्यालयमा सरकारी प्रतिनिधी, फर्मको प्रतिनिधीहरुको रोहवरमा खोलिने छ। समयमा फर्मको वा निजहरुको प्रतिनिधी उपस्थित नभएमा पनि सिलवन्दी बोलपत्र खोल्न बाधा पुग्ने छैन। कारणवस सिलवन्दी बोलपत्र दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

३. बोलपत्र शर्त रहित केरमेट नभएको हुनु पर्नेछ।

४. वोलपत्र फारममा उल्लेखित कवोल अंकको आफूले कवोल गरेको अंकको भ्याट समेत २.५% धरौटी रकम यस कार्यालयको नाममा रहेको श्री राष्ट्रिय वाणिज्य बैंक, कटारी शाखाको धरौटी खाता नं. २०५०३०३००७१०२ खातामा नगदै जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी गरिएको घटीमा १२० दिन म्याद भएको मान्यता प्राप्त बैंकको बैंक ग्यारेन्टी (विड वण्ड) संलग्न हुनु पर्ने छ। वोलपत्र स्वीकृत भएको निर्धारित समय भित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरिने छ।

५. प्राप्त भएको वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगरपालिका कार्यालयमा सुरक्षित रहनेछ।

६. यो सूचनामा उल्लेख नभएका कुराहरु प्रचलित कानुन तथा ऐन, नियम अनुसार हुनेछ।

७. शर्त राखी पेश गरको (छुट दिने वाहेक), रित नपुगेको, म्याद नाघी आएको र स्पेसीफीकेसन भन्दा फरक रहेको वोलपत्र फारमहरुलाई मान्यता दिईने छैन।

८. वोलपत्र सम्वन्धी अन्य शर्तहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम हुनेछ। अन्य कुराहरु वोलपत्र फाराममा उल्लेख भए वमोजिम हुनेछ।

९. थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ। यो सूचना http://katarimun.gov.np/ मा समेत Download गरी हेर्न सकिने छ।

| Descriptions | Quantity | Rate (with VAT and including all Taxes) | Minimum Bid Security Amount |
|---|---|---|---|
| 4WD Double Cab Pick Up Tender | 1 Unit | 85,00000.00 | 2.5 % of quoted price |

**प्रमुख प्रशासकीय अधिकृत**